# कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

## कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

हरिहरभवन, ललितपुर

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना**

राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व वृद्धि नेपाल सरकारको प्राथमिकता रहँदै आएको छ । नेपाल सरकारको विभिन्न आवधिक योजनाहरुमा कृषि क्षेत्रलाई दिईएको प्राथमिकता, कृषि सामग्रीको उपलब्धतामावृद्धि एवम् कृषि प्रविधि प्रसार तथा सूचना प्रविधिको विकासका कारण कृषि क्षेत्र व्यवसायिक र प्रतिस्पर्धात्मक हुँदै आएको छ । व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषिका लागि पूर्वाधार विकासका साथै बजारीकरणलाई सहज बनाउन वि.सं. २०२९ मा खाद्य तथा कृषि बजार सेवा विभागको गठन गरी संस्थागत प्रयास सुरु भएको हो । नेपालको संविधानमा कृषि उपजहरुको उचित मूल्य र बजार पहुँच व्यवस्था गर्ने उल्लेख रहेको एवम् राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्द्धन निति, २०६३, कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१ तथा कृषि विकास रणनीति (२०१५-२०३५)मा उल्लेखित व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि क्षेत्रको विकास गर्ने लक्ष्य अनुरुप तात्कालिन कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयबाट कृषि उपज बजार पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन हुँदै आएको भएतापनिहाल सिमित संख्यामा सञ्चालित अधिकांश कृषि बजारहरुमा जग्गाको अपर्याप्तता, आवश्यक पूर्वाधारको र व्यवस्थापकीय क्षमताको कमी एवम् एकै स्थानबाटउत्पादनोपरान्त एकिकृत सेवा प्राप्त नहुनु जस्ता कारणहरुले कृषि उपजहरुको उत्पादनोपरान्त क्षती धेरै हुने, कृषक थलो मूल्य र खुद्रा मूल्यमा धेरै अन्तर हुने तथा मूल्यमा अत्यधिक उतार चढाव हुन गई प्रतिस्पर्धी बजार कायम हुन नसक्दा किसानहरु निरुत्साहित हुने र उपभोक्ताहरु महङ्गीको मारमा पर्ने गरेका छन् ।अत:व्यवस्थित कृषि बजार संरचनाको विकास साथै कृषि यान्त्रीकरणमा सहयोगगरि प्रभावकारी बजारीकरणको माध्यमबाट व्यवसायिक एवम् प्रतिस्पर्धी कृषि उत्पादनलाई टेवा पुऱ्याउन तथा किसान र उपभोक्ताहरुको हित संरक्षणका लागि सार्वजनिक निजी/सहकारी साझेदारीमा एकीकृत कृषि बजार विकास गर्नु वाञ्छनीय देखिएकोले कृषितथा पशुपन्छी विकास मन्त्रालयले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ ले दिएको अधिकार प्रयोग गरी कृषि पूर्वाधार विकासतथा कृषि यान्त्रीकरण प्रवर्द्धनकार्यक्रम सञ्चालन कार्यविधि, २०७५ तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र परिचय

(१) यो कार्यविधिको नाम कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "केन्द्र" भन्नाले कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र सम्झनु पर्दछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) "कार्यविधि" भन्नाले कृषि बजार पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ सम्झनु पर्दछ

(ग) "मन्त्रालय" भन्नाले संघीय कृषि तथा पशुपंछी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "कृषि विभाग" वा "विभाग" भन्नाले संघीय कृषि विभाग सम्झनु पर्दछ ।

(ङ) "प्रादेशिक मन्त्रालय" भन्नाले कृषि क्षेत्र हेर्ने प्रादेशिक मन्त्रालय सम्झनु पर्दछ ।

(च) "एकीकृत कृषि बजार पूर्वाधार विकास"वा "कृषि बजार पूर्वाधार विकास" भन्नाले एकीकृत कृषि बजार पूर्वाधार निर्माण वा हाल सञ्चालित कृषि बजारहरुलाई एकीकृत कृषि बजारको रुपमा विकास गर्ने उद्देश्यले गरिने पूर्वाधार स्तरोन्नती भन्ने सम्झनु पर्दछ ।

(छ) "कृषि बजार" वा "एकीकृत कृषि बजार" भन्नाले अनुसूची-१ बमोजिमको सुविधाहरु भएको बजार सम्झनु पर्दछ ।

(ज) "प्रस्ताव" वा "आशयपत्र" भन्नाले एकीकृत कृषि बजार पूर्वाधार विकासका लागि पेश भएको आशयपत्र सम्झनु पर्दछ ।

(झ) "आवेदक संस्था" वा "आवेदक" भन्नाले अनुसूची-२ बमोजिमको आवेदक सम्झनु पर्दछ ।

(ञ) "उपज" वा "कृषि उपज" भन्नाले बाली, बागवानी, पशुपंछी, माछा लगायतका कृषिका उपक्षेत्रहरुबाट उत्पादित वस्तुहरु सम्झनु पर्दछ ।

(ट) "परामर्शदाता" भन्नाले एकीकृत कृषि बजार पूर्वाधार डिजाईन तथा लागत अनुमान तयारी एवम् अनुगमनका लागि केन्द्रबाट नियुक्त हुने परामर्शदाता व्यक्ती वा संस्था सम्झनु पर्दछ

(ठ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौटमा परेका आवेदक संस्था भन्ने सम्झनु पर्दछ ।

(ड) "Business Incubation" भन्नाले नयाँ व्यवसाय शुरु गर्न वा भइरहेको व्यवसायलाई प्रवर्द्धन गर्न दिइने परामर्श सेवा भन्ने सम्झनु पर्दछ ।

(ढ) "Cold Chain" भन्नाले Temperature Control Supply Chainभन्ने सम्झनु पर्दछ ।

३. उद्देश्य

(१) व्यवस्थित एकीकृत कृषि उपज बजार संरचना विकास गरी प्रभावकारी बजारीकरणको माध्यमबाट व्यावसायिक एवम् प्रतिस्पर्धी कृषि उत्पादनलाई टेवा पुऱ्याउने ।

(२) आधुनिक नमूना कृषि फार्म स्थापना गरि कृषि पर्यटन प्रवर्द्धनका साथै व्यवसायिकरणमा सहयोगपुऱ्याउने।

(३) खाद्यान्न वालिको उत्पादन पछिको गुणस्तर कायम राख्ने कार्यका साथै पोष्टहार्भेष्ट क्षति न्यूनिकरण का क्रियाकलापहरु संचालन गरी खाद्य सुरक्षामा टेवा पुऱ्याउने ।

(४) Business Incubation सेवाको विस्तार मार्फत कृषि उद्यमशिलता विकास गरी कृषिको व्यवसायिकरण तथा रोजगारी प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

सचिव

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन विधि

### ४. प्रस्ताव वा आशयपत्र माग गर्ने

(१) केन्द्रबाट अनुदानमा सञ्चालन गरिने सबै कार्यक्रममा अनुदानग्राही छनौट गर्नको लागि निश्चित मापदण्ड तोकि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ३० दिनको म्याद दिई सूचना प्रकाशन गरी आवेदन प्रस्ताव वा आशयपत्र माग गरीनेछ । तर स्वीकृत कार्यक्रममा नै अनुदान प्राप्त गर्ने संस्थाको नाम तोकिएको छ भने उक्त संस्थासंग पत्राचार गरी प्रस्ताव माग गरिनेछ ।

(२) सूचनामा तोकिएको निम्नतम शर्तहरु पुरा गर्न सक्ने अनुसूची-३ अनुसार योग्य भएका अनुसूचि-२ अनुसारका सबै आवेदकहरुले कार्यक्रममा प्रस्ताव पेश गर्न सक्नेछन् ।

(३) आवेदन प्रस्तावको लागि केन्द्रले निश्चित मापदण्ड सहितको प्रस्ताव फाराम तोकेको अवस्थामा सोही बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ अन्यथा आवेदक संस्थाले निम्नतम शर्त पुरा हुनेगरी कुनै पनि सर्वमान्य ढाँचा (Standard Format) मा प्रस्ताव पेश गर्न सक्नेछन् ।

(४) आवेदकले आवेदन प्रस्तावसाथ निर्माण कार्यको लागि विस्तृत प्राविधिक डिजाईन ईष्टिमेटका साथै व्यवसायिक कार्य योजना प्रस्ताव समेत पेश गर्नु पर्नेछ ।

### ५. प्रस्ताव मूल्याङ्कन तथा छनौट गर्ने:

(१) दफा-४ अनुसार प्राप्त प्रस्ताव वा आशयपत्रहरुलाई दफा-६(१) अनुसारको समितिले प्रारम्भिक मूल्याङ्कनका साथै निश्चित सूचक तथा आधारहरु तोकी विस्तृत मूल्याङ्कन समेत गर्नेछ । आवश्यकता अनुसार विस्तृत मूल्याङ्कनको लागि दफा-७(२) अनुसारको समितिले पनि सहजिकरण गर्नेछ ।

(२) प्रारम्भिक मूल्याङ्कनमा निम्नतम शर्तहरु पुरा गरे नगरेको हेरिनेछ भने विस्तृत मूल्याङ्कनको लागि निश्चित सूचक तथा आधारहरु तोकी अङ्क दिइने छ र उक्त मूल्याङ्कनमा ६० वा सो भन्दा बढी अङ्क प्राप्तगर्ने संस्थाहरु मात्र अनुदान दिनको लागि योग्य मानिने छन् ।

(३) दफा ६(१) अनुसारको समितिले दफा-५(२) अनुसारका योग्य आवेदक संस्थाहरुको प्राथमिकताक्रम सूचि तयार गरी दफा-६(२) अनुसारको समितिमा पेश गर्नेछ ।उक्त समितिले योग्य भनि छानिएका संस्थाहरुकोस्थलगत निरिक्षण गरी प्राथमिकताक्रम अनुसार अनुदानग्राही छनौट गर्नेछ ।

(४) दफा ५(३) अनुसार छनौट भएका संस्थाहरुसंग केन्द्रले तोकेको शर्त अनुसार सम्झौता गरि उक्त संस्थालाई कार्य सञ्चालन गर्नको लागि कार्यदिश दिइनेछ ।

(५) सम्झौतामा तोकिए अनुसार अनुदानग्राही संस्थाले कार्य सम्पन्न गरिसके पछि उक्त संस्थाले केन्द्रमा प्रगती प्रतिवेदन पेश गर्नु पर्नेछ र केन्द्रका प्राविधिकहरुको निरिक्षण प्रतिवेदनको आधारमा दफा ६(२) अनुसारको समितिले निर्णय गरी नियमानुसार उक्त संस्थाको बैंक खातामा अनुदान रकम उपलव्ध गराइने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-३

## मूल्याङ्कन समिति तथा अनुगमन, निरिक्षण

६. **मूल्याङ्कन तथा छनौट समिति:**

(१) दफा ४ बमोजिम प्राप्त प्रस्ताव वा आशयपत्रको प्रारम्भिक मूल्याङ्कनको लागि देहाय बमोजिम स्थलगत सर्भेक्षण टोली रहनेछ।

| | |
|---|---|
| वरिष्ठ कृषि अर्थ विज्ञ, (योजना)<br>कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | संयोजक |
| वरिष्ठ कृषि इन्जिनियर<br>कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | सदस्य |
| वरिष्ठ कृषि अर्थविज्ञ<br>बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा, कृषि विभाग | सदस्य |

*(आवश्यकता अनुसार मन्त्रालय तथा विभागबाट यस समितिमा अन्य आमन्त्रित सदस्यहरु थप्न सकिने छ)*

(२) दफा ६(१) बमोजिमको स्थलगत सर्भेक्षण टोलीले आवेदक पहिचान गर्न स्थलगत निरिक्षण गरी तपसिल अनुसारको प्रस्ताव छनौट समितिसमक्ष प्रतिवेदन पेश गर्नेछ ।

| | |
|---|---|
| केन्द्र प्रमुख<br>कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | संयोजक |
| वरिष्ठ कृषि ईन्जिनियर<br>कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | सदस्य |
| प्रमुख/अधिकृत प्रतिनिधी<br>योजना, कार्यक्रम तथा अनुगमन शाखा, कृषि विभाग | सदस्य |
| वरिष्ठ इञ्जिनियर वा ईञ्जिनियर<br>कृषि ईञ्जिनियरिङ्ग तथा पोष्ट हार्भेष्ट शाखा, कृषि विभाग | सदस्य |
| स्थलगत सर्भेक्षण टोलीको संयोजक | सदस्य सचिव |

*(आवश्यकता अनुसार मन्त्रालय तथा विभागबाट यस समितिमा अन्य आमन्त्रित सदस्यहरु थप्न सकिने छ)*

७. **अनुगमन, निरिक्षण तथा मूल्याङ्कन**

(१) प्रस्ताव वा आशयपत्र छनौट, डिजाईन तथा लागत अनुमान तयारी, निर्माण कार्य लगायतका विषयहरुमा केन्द्रले नियमित निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुगमन, निरिक्षण तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| केन्द्र प्रमुख<br>कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | संयोजक |
| वरिष्ठ कृषि अर्थ विज्ञ<br>कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | सदस्य |
| वरिष्ठ कृषि अर्थविज्ञ<br>बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा, कृषि विभाग | सदस्य |
| वरिष्ठ कृषि ईन्जिनियर<br>कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | सदस्य |
| वरिष्ठ कृषि अर्थ विज्ञ (योजना)<br>कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | सदस्य सचिव |

*(आवश्यकता अनुसार संघ तथा प्रदेशमा रहेका सम्बन्धित मन्त्रालय वा अन्यसम्बन्धित कार्यालयहरुबाट आमन्त्रितसदस्यहरु थप्न सकिने छ)*

(३) संघिय मन्त्रालय, प्रादेशिक मन्त्रालय, प्रादेशिक कृषि विकास निर्देशनालय एवम् प्रादेशिक कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रले आवश्यकता अनुसार अनुगमन गरि निर्देशन गर्न सक्नेछ ।

(४) अनुगमनका क्रममा कार्यविधि एवम् सम्झौतामा उल्लेख गरे बमोजिमका कार्य गरेको नपाईएमा कार्यविधि एवम् सम्झौतामा उल्लेख भए बमोजिमका कार्य गर्न निर्देशन दिन सकिनेछ ।

(५) पूर्वाधार विकासको अनुदान रकमबाट १% (एक प्रतिशत) रकम नबढ्ने गरी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च वापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, प्रस्तावको स्थलगत निरिक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(६) दफा ७(३ र ४) बमोजिम दिईएको निर्देशन केन्द्र एवम् अनुदानग्राही संस्थाले यथाशिघ्र पालना गर्नुपर्नेछ ।

## परिच्छेद-३

## कृषि उपज बजार पूर्वाधार विकास कार्यक्रम

### ८. कार्यक्रम कार्यान्वयन विधि

(१) दफा ४ अनुसार प्राप्त प्रस्तावहरुलाई दफा ५ अनुसार निरिक्षण तथा मूल्याङ्कन गरीनेछ ।

(२) एकीकृत कृषि बजार पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नयाँ निर्माण हुने बजारको लागि सम्भावित क्षेत्र पहिचान गर्न केन्द्रले प्रदेशस्तरमा कृषि क्षेत्र हेर्ने मन्त्रालयसँगको समन्वयमा द्रुत विश्लेषण (Rapid Appraisal) गर्नेछ।

(३) विधि ८(२) मा उल्लेख भए बमोजिम द्रुत विश्लेषण (Rapid Appraisal) का लागि केन्द्रले कृषि विभाग र प्रादेशिक मन्त्रालयसँगको समन्वयमा अध्ययन टोली गठन गरी परिचालन गर्न सक्नेछ ।

५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(४) एकीकृत कृषि बजार पूर्वाधार विकास कार्यक्रम अन्तर्गत हाल सञ्चालित बजारहरुको स्तरोन्नतीका लागि विधि ८(२) मा उल्लेख भए बमोजिमको द्रुत विश्लेषण आवश्यक पर्ने छैन ।

(५) एकीकृत कृषि बजार पूर्वाधार विकासका लागि तराईमा कम्तिमा ५ हेक्टर र पहाडमा कम्तिमा ३ हेक्टर जग्गा उपलब्ध हुनुपर्नेछ। साना बजारहरुको हकमा कम्तीमा १ हेक्टर जग्गा हुनु पर्नेछ । तर काठमाण्डौ उपत्यकामा निर्माण गरिने कृषि उपज बजार स्थलको लागि स्थानिय तह, कृषि सहकारी वा नीजि व्यवसायिहरुसंग समन्वय गरि प्रस्तावित वजार निर्माण गर्न पेश गरिएको क्षेत्रफल प्राविधिक रुपले उपयुक्त रहेमा बजार संरचना निर्माण गर्न सकिनेछ ।

(६) पूर्वाधार विकासको लागि सार्वजनिक निकाय वा स्थानिय तहको जग्गा लिजमा लिएको भए कम्तिमा १५ वर्षसम्म भोगाधिकार प्राप्त गरेको प्रमाण पेश गर्नुपर्नेछ । स्थानिय तहले बजार संचालक समिति मार्फत कृषि बजार सञ्चालन गर्ने हो भने उक्त समितिलाई जग्गाको भोकाधिकार दिनु पर्नेछ ।

(७) एकीकृत/अत्याधुनिक कृषि थोक बजार पूर्वाधार विकासको डिजाइन इस्टिमेट सम्बन्धित आवेदकले नै तयार गर्नुपर्नेछ साथै आवेदक लागतको कम्तिमा १५ प्रतिशत अंश व्यहोर्न सक्ने क्षमता भएको हुनुपर्नेछ।

(८) माथि उल्लेखित देखि बाहेक अन्य योग्यता आवश्यक पर्ने भएमा केन्द्रले प्रकाशन गर्ने सूचनामा समावेश गर्न सक्नेछ ।

९. परामर्शदाता एवम् निर्माण व्यवसायी छनौट

(१) छनौट भएका प्रस्ताव बमोजिमको एकीकृत कृषि बजार पूर्वाधार विकासका लागि डिजाईन र लागत अनुमान तयारी एवम् सुपरिवेक्षण गर्न केन्द्रले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम परामर्शदाता नियुक्त गर्नेछ।

(२) परामर्शदाताबाट डिजाईन र लागत अनुमान तयार भएपछि सोही डिजाईन र लागत अनुमान अनुसार एकीकृत कृषि बजार पूर्वाधार विकासका लागि केन्द्रले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माण व्यवसायी छनौट गर्नेछ ।

१०. कार्यक्रमको लागि बजेट र उपयोग

(१) एकीकृत कृषि बजार पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नयाँ निर्माणका लागि छनौट भएका अनुदानग्राहीलाई अधिकतम रु. २० (बिस) करोडसम्म बजेट उपलब्ध हुनेछ र यसरी उपलब्ध गराईने रकम निर्माणको कूल लागत रकमको ८५% वा रु. २० करोडमा नबढ्ने गरी हुनेछ। नीजि संस्था वा कम्पनीहरुको हकमा कूल लागतको ५०% मा नबढ्ने गरी अनुदान रकम उपलब्ध गराईने छ ।

(२) एकीकृत कृषि बजार पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नयाँ निर्माण हुने कार्यक्रम एक वर्षमा सम्पन्न हुन नसक्ने अवस्थामा बहुवर्षीय सम्झौता गरी सम्पन्न गर्न सकिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) एकीकृत कृषि बजार पूर्वाधार विकास कार्यक्रम अन्तर्गत साना कृषि बजार तथा स्तरोन्नतीका लागि छनौट भएका अनुदानग्राहीलाई अधिकतम रु. ५ (पाँच) करोडसम्म बजेट उपलब्ध हुनेछ र यसरी उपलब्ध गराईने रकम निर्माणको कूल लागत रकमको ८५ प्रतिशत वा रु. ५ (पाँच) करोडमा नबढ्ने गरी हुनेछ।

(४) दफा १०(१) र १०(४) बमोजिमको अनुदान रकम सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ले व्यवस्था गरे बमोजिम सम्झौता गरी खर्च गर्नु पर्नेछ साथै निर्माण कार्यको लागि निर्माण व्यवस्थापन समिति गठन गरि उक्त कार्यको अनुगमन तथा निरिक्षणको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) नीजि व्यवसायिहरु मार्फत कृषि उपज बजार पूर्वाधार निर्माण गरि सञ्चालन गर्ने अवस्थामा कुल लागतको कम्तीमा ५०% (पचास प्रतिशत) रकम सम्बन्धित नीजि संस्थाले व्यहोर्नु पर्नेछ ।

(६) एकीकृत कृषि बजार पूर्वाधार विकास कार्यक्रम अन्तर्गत स्तरोन्नतीका लागि छनौट भएका कार्यक्रम चालु आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद-३

## साझेदारीमा आधुनिक नमूना फार्म विस्तार सहयोग कार्यक्रम सञ्चालन विधि

**११. सञ्चालन गर्न सकिने क्रियाकलापहरुः**

(१) कृषि पूर्वाधार विकास (गोदाम, बिक्री कक्ष, लिङ्क रोड, सिंचाई सुविधा, Land Development आदी)

(२) कृषि यान्त्रीकण व्यवस्थापन (ढुवानी साधन, थ्रेसर, प्लान्टर, हार्भेष्टर, ट्रेक्टर, Laser Land Leveler ईत्यादी)

(३) कृषकहरुलाई तालिम दिने उद्देश्यले तालिम हल निर्माण

(४) ग्रामिण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले होमस्टे सुविधा सहितको भौतिक पूर्वाधार निर्माण

(५) उन्नत नश्लका पशुपन्छी, उन्नत बीउतथा बोट बिरुवा उपलब्ध गराउने

(६) आधुनिक मौरी पालन, च्याउ खेती तथा रेशम उत्पादन

(७) कृषकहरुको क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रम

**१२. प्राविधिक मूल्याङ्कन तथा प्रस्ताव छनौटः**

(१) दफा ४ अनुसार प्राप्त प्रस्तावहरुलाईदफा ५ अनुसार निरिक्षण तथा मूल्याङ्कन गरीनेछ ।

(२) बृहत आधुनिक नमूना फार्मको लागि तराईमा ५०० बिघा र पहाडमा १०० हेक्टर जग्गा हुनुपर्नेछ भने तालिम तथा होमस्टे सहितको नमूना फार्मको लागि तराईमा १५ बिघा र पहाडमा ५ हेक्टर जग्गा हुनुपर्नेछ ।

(३) कार्यसञ्चालन विधि तथा प्रक्रियाहरु दफा ५ मा उल्लेख भए अनुसार गरिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) आधुनिक नमुना कृषि फार्म स्थापनाको लागि प्रति फार्म कुल लागतको ५०% (पचास प्रतिशत) वा रुपैंया २ (दुई) करोड मध्ये जुन कम हुन्छ सो रकम अनुदान स्वरुप उपलब्ध गराइने छ र अनुदानग्राही संस्थाले कुल लागतको कम्तीमा ५०% (पचास प्रतिशत) रकम बेहोर्नु पर्नेछ ।

(५) प्रस्ताव मूल्याङ्कनमा राम्रो देखिएको तर स्थलगत निरीक्षणका क्रममा प्रस्तावमा पेश गरिए अनुसार नपाइएमा त्यस्ता प्रस्तावलाइ अयोग्य प्रस्तावको रुपमा सिफारिश गरिनेछ ।

(६) प्रस्ताव छनौट समितिले सिफारिस गरेको अनुदान रकम भन्दा बढी अनुदान दिइने छैन र सोही अनुसार सम्झौता गरी प्रस्तावमा उल्लेख भएको रकमको ५० प्रतिशत वा छनौट समितिले सिफारिस गरेको रकम मध्ये जुन कम हुन्छ सोही रकम उपलब्ध गराइने गरी अनुदानग्राही संस्थालाई कार्यदिश दिइनेछ ।

## परिच्छेद-४

## Cold Chain विकासको लागि ढुवानी साधनमा अनुदान दिने विधि

१३. कार्यक्रमको विस्तृत प्रस्ताव माग गरी अनुदान उपलब्ध गराउने:

(१) दफा ४ अनुसार प्राप्त प्रस्तावहरुलाई दफा ५ अनुसार निरिक्षण तथा मूल्याङ्कन गरीनेछ ।

(२) Cold Chain विकासको लागि Refrigerator Vehicle प्रस्ताव गर्दा ढुवानी साधनको र Temperature Controlling Equipment को अलग अलग विस्तृत Specification सहितको प्रस्ताव दिनु पर्नेछ ।

(३) दफा १३(२) अनुसार प्राप्त प्राविधिक प्रतिवेदनलाई दफा ६(२) अनुसारको समितिले मूल्याङ्कन गरी दफा ५ अनुसार अनुदानग्राही संस्थाको छनौट गर्नेछ र छनौट भएका संस्थाहरुसंग केन्द्रले तोकेको शर्तहरुमा रहि सम्झौता गरिनेछ ।

(४) अनुदानग्राही संस्थाले Cold Chain सहितको ढुवानी साधन खरीद गरी स्टोर दाखिला प्रतिवेदन सहित सक्कल बिल भरपाई केन्द्रमा प्राप्त भएपछि दफा ६(१) अनुसारको समितिले स्थलगत निरिक्षण गरी प्राविधिक प्रतिवेदन केन्द्र प्रमुख समक्ष पेश गर्नेछ ।

(५) प्राप्त प्राविधिक प्रतिवेदनलाई दफा ६(२) अनुसारको समितिले स्विकृत गरेपछि अनुदानग्राही संस्थाको बैंक खातामा अनुदान रकम उपलब्ध गराइने छ ।

## परिच्छेद-५

## धान सुकाउने अत्याधुनिक ड्रायर वितरण विधि

१४. विस्तृत प्रस्ताव सहितको आशयपत्रमाग गरी अनुदान उपलब्ध गराउने:

(१) दफा ४ अनुसार प्राप्त प्रस्तावहरुलाई दफा ५ अनुसार निरिक्षण तथा मूल्याङ्कन गरिनेछ ।

(२) कुल लागतको कम्तिमा ५०% (पचास प्रतिशत) रकम बेहोर्न नसक्ने साथै प्राविधिक रुपबाट अयोग्य देखिएमा त्यस्ता संस्थालाई अनुदान उपलब्ध गराइने छैन ।

(३) छानिएका संस्थाहरुसंग केन्द्रले तयार गरेको शर्तको आधारमा सम्झौता गरी धान सुकाउनको लागि अत्याधुनिक ड्रायर वितरण कार्यको लागि प्रति ड्रायर कुल लागतको ५०% (पचास प्रतिशत) वा रुपैंया १ (एक) करोड मध्ये जुन कम हुन्छ सो रकम अनुदान स्वरुप उपलब्ध गराउनको लागि कार्यदिश दिइने छ र अनुदानग्राही संस्थाले कुल लागतको कम्तीमा ५०% (पचास प्रतिशत) रकम बेहोर्नु पर्नेछ ।

(४) अनुदानग्राही संस्थाले धान सुकाउने अत्याधुनिक ड्रायर खरिद गरी स्टोर दाखिला प्रतिवेदन सहित सक्कल बिलभरपाई केन्द्रमाप्राप्त भएपछिदफा ६(१) अनुसारको समितिले स्थलगत निरिक्षण गरी प्राविधिक प्रतिवेदन केन्द्र प्रमुख समक्ष पेश गर्नेछ ।

(५) प्राप्त प्राविधिक प्रतिवेदनलाई दफा ६(२) अनुसारको समितिले स्विकृत गरेपछि अनुदानग्राही संस्थाको बैंक खातामा अनुदान रकम उपलब्ध गराइने छ ।

## परिच्छेद-६

### Business Incubation कार्यक्रम सञ्चालन गर्ने संस्थालाई सञ्चालन खर्च अनुदान दिने विधि

**१५. विस्तृत कार्यक्रम सहितको प्रस्तावमाग गरी अनुदान उपलब्ध गराउनेः**

(१) दफा ४ अनुसारBusiness Incubation कार्यक्रम सञ्चालन गर्नको लागि प्रस्ताव माग गरि दफा ५ अनुसार अनुदानग्राही संस्था छनौट गरिनेछ ।

(२) Business Incubation को लागि कार्यक्रम वा सेवा प्रवाहमा अनुदानको लागि कुल प्रस्तावित रकमको कम्तिमा २५% (पच्चिस प्रतिशत) रकम सम्बन्धित संस्थाले ब्यहोर्ने गरीपेश भएको प्रस्तावलाई मात्र मूल्याङ्कनमा समावेश गरिने छ ।

(३) Business Incubation सम्बन्धि कार्य गर्ने संस्थालाई सञ्चालन खर्च अनुदान दिनको लागियस केन्द्रमा विनियोजित रकम मध्ये कम्तिमा ७५% (पचहत्तर प्रतिशत) कार्यक्रम वा सेवा प्रवाहमा खर्च गर्नु पर्नेछ भने २५% (पच्चिस प्रतिशत) वा सो भन्दा कम रकम मात्र कार्यालय सञ्चालन वा कर्मचारीको तलब भत्ताको लागि खर्च गर्न पाउने छ ।

(४) उपयुक्त प्रस्ताव प्राप्त भएपछि Business Incubation सम्बन्धि कार्य गर्ने संस्थासंग यस केन्द्रले निर्धारण गरेको शर्त अनुसार सम्झौता गरीनेछ र उक्त संस्थाको प्रस्ताव अनुसार बढीमा रु १ (एक) करोडसम्म सञ्चालन खर्चको लागिअनुदान उपलब्ध गराउने गरी कार्यदिश दिनेछ ।यस केन्द्र र Business Incubation सम्बन्धि कार्य गर्ने संस्थाको जिम्मेवारी तथा विस्तृत कार्यविवरण सम्झौतामा उल्लेख गरिनेछ ।

सचिव

(५) कुल अनुदान रकमको बढीमा १०% (दश प्रतिशत) रकम कार्य सञ्चालनको लागि सम्झौता भएपछि शुरुमा नै Business Incubation सम्बन्धि कार्य गर्ने संस्थालाई पेश्की उपलब्ध गराइने छ । प्रत्येक महिनामा Business Incubation सम्बन्धि कार्य गर्ने संस्थाले यस केन्द्रमा पेश गरेको कार्य प्रगति र खर्चको बिलभर्पाईहरु साथै केन्द्रका प्राविधिकहरुको अनुगमन प्रतिवेदनको आधारमा सम्पन्न कार्यहरुको क्रमशः भुक्तानी दिइने छ।

(६) दफा १५(५) अनुसार प्राप्त प्राविधिक प्रतिवेदनलाई दफा ६(२) अनुसारको समितिले स्विकृत गरेपछि अनुदान रकम सिधै अनुदानग्राही संस्थाको बैंक खातामा उपलब्ध गराइने छ ।

## परिच्छेद-८
## विविध

### १६. कार्यक्रम कार्यान्वयन

(१) छनौट भएको योजना कार्यान्वयनको सिलसिलामा सम्बन्धित संस्था वानिर्माण व्यवसायीले निर्माणस्थलमा निर्माण कार्यविवरण, कुल ठेक्का रकम, केन्दले उपलब्ध गर्ने अनुदान रकम र अनुदानग्राहीको सहभागिता रकम सहितको जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ ।

(२) यस कार्यविधि अनुरुप विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र केन्द्रको स्वीकृति बेगर कुनै प्रकारको फेर बदल वा संरचनाको स्वरुप परिवर्तन, पुनर्निर्माण तथा भत्काउने कार्य गर्न पाईने छैन ।

(३) यस कार्यविधि अनुसार पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि कृषि बजारको सञ्चालन, कार्यक्रम तर्जुमा, कार्यान्वयन र सेवा शुल्क निर्धारण, सङ्कलन तथा व्यवसायिक योजना आदि व्यवस्था केन्द्रको समन्वयमा गर्नुपर्नेछ ।

(४) यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु प्रचलित कानुनसँग बाझिएको हदसम्म बाझिएको मानिनेछ ।

(५) यस कार्यविधि अन्तर्गत सञ्चालित कार्यक्रममा कुनै गुनासो भएमा सिधै केन्द्र प्रमुख समक्ष वा कृषि विभागमा उजुरी गर्न सकिनेछ र गुनासोको सम्बन्धमा विभागका महानिर्देशकले केन्द्रको राय लिई दिएको निर्णय अन्तिम हुनेछ ।

(६) प्रस्ताव स्विकृत भई छनौट भएका अनुदानग्राही संघ संस्थाहरुले सम्झौता अनुसार कार्य सम्पन्न नगरी प्राप्त आर्थिक सहयोगलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

(७) यस कार्यविधिमा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा वा कार्यविधिमा उल्लेख भएदेखि बाहेकका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

### १७. संशोधन, थपघट तथा खारेजी

(१) नेपाल सरकारले आवश्यकता अनुसार यो कार्यविधिलाई संशोधन, थपघट तथा खारेजी गर्न सक्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची-१

### दफा २ (छ) सँग सम्बन्धित

### ठूला एकीकृतकृषि बजारमा हुनुपर्ने पूर्वाधार तथा सुविधाहरु

| क्र.सं. | पूर्वाधारहरु | क्र.सं. | पूर्वाधारहरु |
|---|---|---|---|
| क | दफा ५(१,ग) अनुसारपर्याप्त जग्गा | ठ | सुरक्षागार्ड कक्ष |
| ख | कृषि उपज विक्री वितरणका लागि बजार सेड | ड | सुरक्षागार्ड कक्ष |
| ग | कम्पाउण्ड वाल/तारवार | ढ | सूचना कक्ष |
| घ | एप्रोच रोड/बाटो | ण | फोहर व्यवस्थापन/कम्पोष्टिङ्ग |
| ङ | ढक तराजु | त | चमेना गृह |
| च | थोक बिक्री स्थल | थ | भण्डारण कोठा |
| छ | किसान बिक्री स्थल | द | शित भण्डारण |
| ज | शौचालय | ध | ग्रेडिङ्ग सुविधा |
| झ | खानेपानी तथा ढल निकास व्यवस्था | न | प्याकेजिङ्ग सुविधा |
| ञ | खानेपानी सुविधा | प | किसान/व्यापारी आराम स्थल |
| ट | कार्यालय कोठा तथा कम्प्यूटर र सञ्चार सुविधा | फ | डिजिटल डिस्प्ले बोर्ड (मूल्य प्रसारणका लागि) |

## अनुसूची-२

### दफा ४(२) सँग सम्बन्धित

### आशयपत्र पेश गर्न योग्य आवेदकहरु

क. स्थानिय तह
ख. सहकारी संघ/संस्था
ग. कम्पनी
घ. पब्लिक कम्पनी लिमिटेड
ङ. सरकारी स्वामित्वमा रहेका कृषि बजार
च. निजिक्षेत्रबाट सञ्चालित कृषि बजार
छ. सहकारी बजार

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-३

### दफा ४(२) संग सम्बन्धित

### आवेदकको लागि योग्यता तथा आवश्यक कागजातहरु

(१) कानुन बमोजिम दर्ता भई मूल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्बर लिएको ।

(२) कृषक समुहको हकमा पान नम्बर मात्र लिएकोलाई पनि योग्य मानिने छ ।

(३) गत आ.व.को आय व्ययको लेखापरिक्षण गरेको (नयाँ दर्ता भएकाको हकमा आवश्यक नपर्ने)।

(४) सम्बन्धित बिषयमा राम्रो अनुभव भएको (अनुभवको प्रमाणपत्र आवश्यक)

(५) संस्थामा बिषय विज्ञ प्राविधिकहरु उपलब्ध भएको

(६) कार्य सम्पन्न भएपछि कम्तीमा ५ बर्षसम्म लगातार सञ्चालन गर्न सक्ने क्षमता भएको

(७) संस्थाको आफ्नै जग्गा भएको (जग्गाको क्षेत्रफल खुल्ने प्रमाण)

(८) लिजमा लिएको भए जग्गाको स्वामित्व वा भोगाधिकारको प्रमाण पत्र

(९) पूर्वाधार विकासको कम्तीमा १५ प्रतिशत तथा नमूना फार्म र यान्त्रीकरणको लागि कूल लागतको कम्तिमा ५० प्रतिशत व्यहोर्ने क्षमता रहेको प्रमाण: बैंक ग्यारेन्टी/बैङ्क व्यालेन्स आदि

(१०) संस्थाले बर्षैभरी ताजा कृषि उपज ढुवानी गर्न सक्ने परिमाण तथा ढुवानी योजना स्पष्ट भएको

(११) उत्पादन स्थल देखि बजारसम्मको सडक सञ्जालको अवस्था राम्रो भएको

नोट: अनुसूचिमा उल्लेख गरिएका भन्दा अन्य बिषयहरुमा केन्द्रले स्पष्ट गर्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४

### दफा ८(१) सँग सम्बन्धित

### कृषि बजार पूर्वाधार विकासका लागि आशयपत्रकोनमूना

(१) आशयपत्र पेश गर्ने संस्थाको पृष्ठभुमि

(२) एकीकृत कृषि बजार पूर्वाधारको आवश्यकता/औचित्य

(३) आशयपत्र पेश गर्ने संस्थाको संस्थागत संरचना

(४) आशयपत्र पेश गर्ने संस्थाको आर्थिक अवस्था

(५) आशयपत्र पेश गर्ने संस्थाको कानुनी आधार

(६) एकीकृत कृषि बजार पूर्वाधार निर्माण गर्ने जग्गाको पुर्ण विवरण तथा आवश्यक अन्य पुर्वाधारहरुको (बाटो, बिजुली, पानी आदि) अवस्था

(७) एकीकृत कृषि बजार पूर्वाधार निर्माण गर्ने स्थानको उपयुक्तता, कृषि उत्पादनको अवस्था तथा उपभोक्ताहरुको पर्यासता

(८) आशयपत्र पेश गर्ने संस्थाकोनिर्माण कार्यमा लागत सहभागिताको क्षमता तथा अन्य संस्थाहरुले पनि अनुदान दिने भए सो संस्थाहरुको पनि लागत सहभागिताको क्षमता

(नोट: आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुको विवरण सूचनामा उल्लेख गरिनेछ ।)

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## अनुसूची-५

### दफा १२(१) सँग सम्बन्धित

### आधुनिक नमुना कृषि फार्म स्थापनाकोलागि आशयपत्रको फारामको नमूना

क. आशयपत्रको शिर्षक तथा उद्देश्य

ख. आवेदक संस्था र सम्पर्क व्यक्तिको संक्षिप्त परिचय (आवेदक संस्थाको नाम, ठेगाना, संस्था स्थापना भएको मिति तथा संस्थाको इतिहास उल्लेख गर्ने)

ग. आवेदकको वित्तीय, मानविय र भौतिक क्षमता तथा अनुभव

घ. आशयपत्र पेश गर्ने संस्थाको आर्थिक अवस्था तथा कानुनी आधार

ङ. आशयपत्र पेश गर्ने संस्थाको संस्थागत संरचना

च. प्राविधिक, वित्तीय एवं व्यवस्थापकीय क्षमताहरुको छोटो विवरण

छ. आधुनिक नमुना कृषि फार्म स्थापनाको आवश्यकता/औचित्य

ज. प्रस्तावित क्रियाकलाप तथा बजेट बाँडफाँट

| क्र. सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा रकम रु | लगानी सहभागिता | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | संस्था | अनुदान |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

झ. क्रियाकलाप कार्यान्वयन कार्ययोजना

| क्रियाकलापहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

ञ. प्रस्तावित नविन तथा प्रभावकारी क्रियाकलाप र त्यसले पार्ने प्रभाव

<u>संस्थाको तर्फबाट आवेदकको</u>

नामः दस्तखत संस्थाको छाप

ठेगानाः

मितिः

*नोटः यो आशयपत्रको ढाँचा नमुनाको लागि मात्र राखिएको हो । केन्द्रले सञ्चालन गर्ने अलग अलग कार्यक्रमको लागि भिन्दा भिन्दै ढाँचाको आशयपत्र केन्द्रले तोक्न सक्नेछ ।*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची-६

### दफा १२(१) सँग सम्बन्धित

### नमुना कृषि फार्मको प्रस्ताव मूल्याङ्कनका सूचक/आधारहरु

| क्र.सं. | सूचक तथा आधारहरु | अङ्कभार |
|---|---|---|
| १ | प्राकृतिक श्रोतहरु (जमिन, सिंचाई, जङ्गल आदि) को उपलब्धता | १० |
| क | श्रोतहरुको प्रचुर उपलब्धता | १० |
| ख | श्रोतहरुको केही मात्रामा उपलब्धता | ५ |
| ग | श्रोतहरुको न्यून उपलब्धता | ० |
| २ | भौतिक सुविधा (सडक, बिजुली, खानेपानी, टेलिफोन आदि) को अवस्था | १५ |
| क | सबै भौतिक सुविधा उपलब्ध | १५ |
| ख | अप्रयास भौतिक सुविधा | १० |
| ग | आधारभुत भौतिक सुविधा उपलब्ध नभएको | ० |
| ३ | पर्यटकिय आगमनको हिसाबले स्थलगत उपयुक्तता | १५ |
| क | पर्यटक आगमन भैरहेको स्थल | १५ |
| ख | भविश्यमा पर्यटक आउन सक्ने स्थल | १० |
| ग | भविश्यमा पनि पर्यटक आउन सक्ने सम्भावना नदेखिएको | ० |
| ४ | आवेदकको अनुभव तथा व्यवस्थापकिय क्षमता | २० |
| क | कृषि तालिम तथा होमस्टे सम्बन्धि व्यवसाय पहिले देखि नै आफैंले सञ्चालन गरेको | २० |
| ख | कृषि तालिम तथा होमस्टे सम्बन्धि व्यवसायमा सहयोगीको भूमिकामा काम गरेको | १५ |
| ग | कृषि तालिम तथा होमस्टे सम्बन्धि व्यवसायको कुनै अनुभव नभएको | १० |
| ५ | आवेदकले लगानि गर्नुपर्ने आर्थिक श्रोतको सुनिश्चितता | २० |
| क | लगानी गर्न सक्ने श्रोत खुलेको | २० |
| ख | लगानी गर्न सक्ने सम्भावना देखिएको | १० |
| ग | लगानी गर्न सक्ने सम्भावना नदेखिएको | ० |
| ६ | प्रस्तावित नविन एवं प्रभावकारी क्रियाकलापहरु | २० |
| क | धेरै नविन एवं प्रभावकारी | २० |
| ख | सामान्य नविन एवं प्रभावकारी | १० |
| ग | नविन एवं प्रभावकारी नदेखिएको | ५ |

*(स्थलगत निरिक्षण तथा प्रमाणिकरणको नतिजा प्राप्त भएपछि मात्र सोही अनुसार मूल्याङ्कनको अन्तिम नतिजा प्रकाशन गरिने छ)*

*नोटः यि मूल्याङ्कनका सुचकहरु नमुनाको लागि मात्र राखिएको हो । केन्द्रले सञ्चालन गर्ने अलग अलग कार्यक्रमको लागि भिन्दा भिन्दै सुचकहरुको आधारमा केन्द्रले मूल्याङ्कन गर्न सक्नेछ ।*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-७

दफा ८(१) सँग सम्बन्धित

## कृषि बजार पूर्वाधार विकासको आशयपत्र मूल्याङ्कनका सूचक/आधारहरु

| क्र.सं. | सूचक तथा आधारहरु | अङ्कभार |
|---|---|---|
| १ | कृषि बजार पुर्वाधार निर्माण गर्ने जग्गाको लागि आवश्यक पुर्वाधारको उपलब्धता | २० |
| २ | कृषि बजार पुर्वाधार निर्माण गर्ने जग्गाको स्वामित्व | १० |
| ३ | कृषि बजार पुर्वाधार निर्माण गर्ने जग्गाको क्षेत्रफलको पर्याप्तता | १५ |
| ४ | कृषि बजार पुर्वाधार निर्माण गर्ने स्थानको पुर्वाधार सञ्चालनको लागि उपयुक्तता तथासदुपयोगको सम्भावना | ८ |
| ५ | कृषि बजार पुर्वाधार निर्माण गर्ने जग्गा रहेको स्थानको जोखिम | ५ |
| ६ | कृषि बजार पुर्वाधार निर्माण पश्चात सन्चालनको लागि कृषि उत्पादन तथा उपभोक्ताहरुको को पर्याप्तता | ७ |
| ७ | कृषि बजार पुर्वाधार संचालन गर्ने संस्थाको क्षमता | १० |
| ८ | कृषि बजार पुर्वाधार निर्माणमा अन्य संस्थाहरुको सहभागिता | १० |
| ९ | कृषि बजार पुर्वाधार निर्माण गर्न लाग्ने लागतमा आशयपत्रदाताको लागत सहभागिताको पर्याप्तता | १५ |

*नोटः यि मूल्याङ्कनका सुचकहरु नमुनाको लागि मात्र राखिएको हो । केन्द्रमा सञ्चालन हुने अलग अलग कार्यक्रमको लागि केन्द्र आफैंले भिन्दा भिन्दै सुचकहरु तयार गरी मूल्याङ्कन गर्न सक्नेछ ।*

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची-८

## दफा ६(२) सँग सम्बन्धित

## सम्झौतापत्रको नमुना

मिति .................. का दिन कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन (यसपछि प्रथम पक्ष भनिने) र ........................................................ (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तहरुको अधिनमा रही एकीकृत कृषि बजारपूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्न यो सम्झौता गरी एक एक प्रति लियौं दियौं।

तपसिल

१. सम्झौता बमोजिमको निर्माण कार्य गर्नको लागि दोश्रो पक्षले आफ्नो स्वामित्वमा रहेको वा कम्तिमा १५ बर्ष लिजमा लिएको कम्तिमा ..... हेक्टर जग्गा निमार्ण कार्यको लागि उपलव्ध गराउनु पर्नेछ।

२. सम्झौता बमोजिमको निर्माण कार्य ......... को नाममा रहेको.................अवस्थित कित्तानं. ..... क्षेत्रफल ....... को जग्गामा हुनेछ । दोश्रो पक्षले सो निर्माण कार्य हुने जग्गा (निर्माणस्थल) को स्वामित्व आफुमा रहेको प्रमाण (जग्गाधनीपुर्जा, सार्वजनिक जग्गाको हकमा सम्वन्धित निकायले स्थायीरुपमा भोगचलन गर्न दिएको प्रमाण) वा जग्गा लिजमा लिएको भए लिज सम्झौता प्रथम पक्षलाई पेश गर्नु पर्नेछ।

३. सम्झौता बमोजिमको निर्माण कार्य गर्नको लागि दोश्रो पक्षले कुल अनुमानित लागतको १५ प्रतिशतले हुन आउने रकम कोष तथा लेखा नियन्त्रकको कार्यालय, ललितपुरको नाममा रहेको नेपाल बैंक लिमिटेड, गावहालको विविध खाता नं. .................. मा जनसहभागिता स्वरुप जम्मा गरी सोको सक्कल भौचर प्रथम पक्षलाई पेश गर्नुपर्नेछ । पछि सम्झौता रकम अनुमानित लागत भन्दा घटी वा बढी भएमा सोही अनुपातमा दोश्रो पक्षले रकम फिर्ता पाउने वा थप गर्नु पर्नेछ।

४. सम्झौता बमोजिमको निर्माण कार्य सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) अनुसार बोलपत्र आव्हानको माध्यमबाट गरिनेछ।

५. निर्माण कार्यको लागि आवश्यकता अनुसार प्रथम पक्षको प्राविधिकहरुबाट रेखाङ्कन, निरीक्षण तथा सम्पादित कामको नापजाँच गरी रनिङ्ग बिल तयार गर्ने कार्य हुनेछ।

६. सम्झौता बमोजिमको निर्माण कार्यको अनुगमन तथा प्रथम पक्ष र निर्माणकर्तासँग समन्वय गर्नको लागि दोश्रो पक्षले छुट्टै निर्माण समितिको गठन गर्नु पर्नेछ र प्रथम पक्षसँग समन्वयको लागि गठित निर्माण समितिको सदस्यहरु मध्येबाट एक जना प्रतिनिधि चयन गरी सोको जानकारी प्रथम पक्षलाई दिनुपर्नेछ।

७. गुणस्तरीय निर्माण कार्यको लागि दोश्रो पक्षको निर्माण समिति तथा प्रथम पक्षबाट पनि समय समयमा अनुगमन गरिनेछ । अनुगमनको क्रममा निर्माण कार्यमा कुनै किसिमको समस्या देखिएको खण्डमा यथासिघ्र प्रथम पक्षलाई सोको जानकारी दिनुपर्नेछ।

८. निर्माण अवधिमा समस्याहरु आइपरेमा आपसी सहमतीबाट समाधान खोजिनेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

९. सम्झौता बमोजिमको निर्माण कार्य बापत निर्माणकर्तालाई प्रत्येक किस्ताको रनिङ्ग बिलको भुक्तानी दिंदा प्रथम पक्षको खाताबाट ८५ प्रतिशत र दोश्रोपक्षबाट जनसहभागिता बापत कोष तथा लेखा नियन्त्रकको कार्यालय, ललितपुरको नाममा रहेको नेपाल बैंक लिमिटेड, गाबहालको विविध खाता नं. ...................... जम्मा भएको रकमबाट १५ प्रतिशत रकम भुक्तानी गरिनेछ ।

१०. निर्माणकर्तालाई सम्पादित निर्माण कार्यको प्रत्येक किस्ता (रनिङ्गबिल) को भुक्तानी दिंदा प्रथम पक्षले कामको नापजाँच गरी उठाएको रनिङ्ग विलहरु दोश्रो पक्षबाट गठित निर्माण समितिको बैठकले अनुमोदन गरेपश्चात मात्र भुक्तानी हुनेछ ।

११. सम्झौता बमोजिमको निर्माण कार्य प्रारम्भ भए पश्चात दोश्रो पक्षको आन्तरिक समस्याको कारण निर्माण कार्य रोकिने छैन र साथै जनसहभागिता वापत कोष तथा लेखा नियन्त्रकको कार्यालय, ललितपुरको नाममा रहेको नेपाल बैंक लिमिटेड, गावहालको विविध खाता नं. ................ जम्मा भएको १५ प्रतिशत रकम पनि फिर्ता पाउने छैन ।

१२. सम्झौता बमोजिमको निर्माण भएको भौतिक संरचनाहरु कृषि उपज बजारीकरणका लागि बाहेक अन्य कुनै उद्देश्यको लागि प्रयोगमा ल्याउन पाईने छैन ।

१३. यस सम्झौता बमोजिम एकीकृत कृषि बजारको संरचनाहरुको निर्माण छनौट भएको प्रस्तावमा उल्लेखित डिजाईन बमोजिम हुनेछ ।

१४. यस सम्झौतामा बाझिएको तथा समेट्न नसकिएको बुँदाहरुको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| .......................... | ........................... |
| (......................) | (..........................) |
| प्रमुख | अध्यक्ष/प्रमुख |

कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन

| | |
|---|---|
| साक्षी | साक्षी |
| ................. | .................. |

इतिसंवत ......... साल ...........महिना ....... गते ......रोजशुभम्।

*नोटः उल्लेखित सम्झौतापत्र नमुनाको लागि मात्र राखिएको हो । केन्द्रले सञ्चालन गर्ने अलग अलग कार्यक्रमको लागि भिन्दा भिन्दै शर्तहरु सहितको सम्झौतापत्र बनाउन सक्नेछ ।*

सचिव